आज मिति २०७९/०६/०९ गतेका दिन यस बारागढी गाउँ कार्यपालिकाका अध्यक्ष श्री अशोक कुमार जयसवाल ज्युको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा निम्न विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| नाम | पद | दस्तखत |
|---|---|---|
| १. श्री अशोक कुमार जयसवाल | (अध्यक्ष) | |
| २. श्री लक्ष्मी देवी राय | (उपाध्यक्ष) | |
| ३. श्री सुरेश प्रसाद चौधरी | (वडा अध्यक्ष) | |
| ४. श्री जागेन्द्र साह कलवार | (वडा अध्यक्ष) | |
| ५. श्री उमेश प्रसाद साह | (वडा अध्यक्ष) | |
| ६. श्री पन्ना लाल साह | (वडा अध्यक्ष) | |
| ७. श्री मनेजर चौधरी | (वडा अध्यक्ष) | |
| ८. श्री निरज कुमार साह | (वडा अध्यक्ष) | |
| ९. श्री सुरेश राम | (कार्यपालिका सदस्य) | |
| १०. श्री राम एकबाल हजरा | (कार्यपालिका सदस्य) | |
| ११. श्री रेनु देवी कलवार | (कार्यपालिका सदस्य) | |
| १२. श्री अनिता दवी बैठा | (कार्यपालिका सदस्य) | |
| १३. श्री धनमन्ती देवी मलाहिन | (कार्यपालिका सदस्य) | |
| १४. श्री संगिता कुमारी चौधरी | (कार्यपालिका सदस्य) | |
| १५. श्री कमलेश कुमार मिश्र | (सदस्य सचिव) | |

CS CamScanner

प्रस्ताव एंव निर्णय :

१. अनौपचारिक शिक्षा (साक्षरता अभियान) सम्बन्धमा ।

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत अनौपचारिक शिक्षा ( साक्षरता अभियान) सञ्चालन गर्नका लागि यस गाउँपालिकाको समपुरक शिर्षक तर्फबाट रकम रु.३,७६,०००।-(तीन लाख छिहत्तरी हजार मात्र) सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

२. आर्थिक सहयोग सम्वन्धमा ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गा.पा.अन्तर्गत विपन्न, अति गरिव, स्वास्थ्य उपचार आगलागीबाट भएको क्षति भएका व्यक्तिहरुको लागि यस कार्यालयमा दिएको निवेदन अनुसार तपसिलका व्यक्तिहरुलाई देहाय अनुसारको आर्थिक सहयोग दिने निर्णय गरियो ।

तपसलि

| | |
|---|---|
| १. रमेश चौधरी (वडा नं.२) | रकम रु. १२,०००।-(बान्ह्र हजार मात्र) |
| २. मिना फौजदार (वडा नं.६) | रकम रु. ३०,०००।-(तीस हजार मात्र) |
| ३. रिन्कु देवी (वड नं.३) | रकम रु. २०,०००।-(बीस हजार मात्र) |

३. वृक्षारोपन सम्बन्धमा ।

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको कुनै पनि वडा कार्यालय अन्तर्गत तथा गा.पा. अन्तर्गत सञ्चालन हुने वृक्षा रोपन कार्यक्रम सञ्चालन गर्दा विरुवालाई मलजल तथा संरक्षण गर्ने हेरालु राख्ने तथा सम्वन्धित वडा कार्यालय वा गा.पा.लाई संरक्षण गर्ने जिम्मेवारी समेत दिने निर्णय गरियो ।

४. खानेपानी, सरसफाई तथा स्वच्छता योजना सम्वन्धमा ।

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको समन्वय र नेतृत्व, युनिसेफ नेपालको आर्थिक सहयोग र छायाँ नेपालको प्रविधिक सहयोग निर्माण भएको बारागढी गाउँपालिकाको नौ वर्षिय (२०७९-२०८८) **"खानेपानी, सरसफाई तथा स्वच्छता योजना"** को

सफल कार्यान्वयन एक घर एक धाराको व्यवस्था मार्फत गाउँबासीको सुरक्षित पिउने पानीम पहुँच बढाउन, गाउँलाई सफा, स्वच्छ र रमणिय बनाउदै वातावरण स्वच्छ राख्न सहयोग गर्ने र गाउँबासीहरुलाई स्वच्छकर आनीबानी अपनाई दिर्घ जिवन जिउने आधार खडा गर्न मद्धत गर्ने साथै गाउँबासीहरुको जिवीकोपार्जनमा सहजता ल्याउने भएकोले बारागढी गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजनालाई गाउँपालिकाले अपनत्व ग्रहण गर्दै आजको यस बैठकबाट अनुमोदन गरियो र आगामी गाउँसभाबाट स्वीकृत गरी यसै आर्थिक वर्ष २०७९/०८० देखि उच्च प्राथमिक्ताका साथ कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**५. १५ शैया आधारभूत अस्पतालको टेण्डर खोल्ने सम्बन्धमा ।**

<u>प्रस्ताव नं.५</u> माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं.३ खोपवामा १५ शैया आधारभूत अस्पतालको निर्माण प्रकृया अगाडी बढाउनका लागि टेण्डर खोल्नु पर्ने भएकोले टेण्डर प्रकृया अझै फराकिलो र प्रतिस्पार्धिक बनाउने उद्देश्यका साथ टेण्डर खोल्ने सर्वसहमति निर्णय गरियो ।

**६. विरुवा हेरालुको निरन्तरता दिने सम्बन्धमा ।**

<u>प्रस्ताव नं.६</u> माथि छलफल गर्दा रोजगार कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा वृक्षा रोपन भएका विरुवाहरुको संरक्षणका लागि यस चालु आ.ब.मा पनि छ महिना सम्मको लागि वडा नं.५ पथरा निवासी श्री चन्द्र हजरा र सुरेन्द्र साह कानुलाई विरुवा हेरालुको रुपमा निरन्तरता दिने निर्णय गरियो ।

**७. रोजगारीको हक संरक्षण समिति गठन गर्ने सम्बन्धमा ।**

<u>प्रस्ताव नं.७</u> माथि छलफल गर्दा नागरिक रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि देहाय बमोजिमको रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| १. श्री अशोक कुमार जयसवाल | -अध्यक्ष |
| २. श्री लक्ष्मी देवी राय | -सदस्य |
| ३. श्री सुरेश प्रसाद चौधरी | -सदस्य |

४. श्री मनेजर चौधरी -सदस्य

५. श्री कमलेश कुमार मिश्र -सदस्य सचिव